# प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY

१६ औं वार्षिकोत्सव





विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



वर्ष-१६ ।। अङ्क : १५९ ॥ २०८१ श्रावण ०४ गते शुक्रबार (19th Jul 2024 Friday) | Pratidin National Daily | मूल्य-रु.५/-


# भद्रपुरमा एचआइभी संक्रमितका लागि अब सबै सुविधा




झापा(प्रस)। प्रादेशिक अस्पताल भद्रपुरको एआरटी केन्द्रमा उपचार गराइरहेका एचआइभी संक्रमितहरुले अब सबै किसिमका सुविधा पाउने भएका छन् । औषधि उपचारदेखि लिएर यातायात , खाजा ,कुरुवालाई खाजा , बाहिर पठाउँदा एम्बुलेन्स ,आइसियु , प्रयोगशाला खर्चलगायतका सेवा सुविधा एचआइभी संक्रमितहरुले पाउने भएका हुन् । ए.एच.एफ नेपालले सहकार्य सुरु गरेपछि ती सुविधाहरु विरामीहरुलाई उपलव्ध गराइने भएको हो ।

प्रादेशिक अस्पताल भद्रपुरमा एआरटी सेवालाई थप सहज र गुणस्तरीय बनाउन ए.एच.एफले बिहीवारदेखि तीन वर्षसम्मका लागि सहकार्य थालेको हो । जुन कार्यक्रमको राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रका निर्देशक डा. सर्वेश शर्मा, जिल्ला समन्वय समितिका प्रमुख विश्व बराल , प्रादेशिक अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. रामबाबु खड्काले संयुक्त रुपमा उद्घाटन गरे ।

प्रादेशिक अस्पतालमा सन् २०२७ सम्म काम गर्ने गरी नेपाल सरकारसँग सम्झौता गरेको ए.एच.एफले एचआइभी संक्रमितहरुको उपचारमा सहयोग गर्ने जनाइएको छ । एचआइभी संक्रमितहरुका लागि जीवन लम्ब्याउन दिइने उपचार सेवा (एआरटी) लाई गुणस्तरीय बनाउँदै विरामीहरुको सुविधामा ए.एच.एफले सहयोग गर्ने ए.एच.एफ.का मार्केटिङ को-अर्डिनेटर राधेश्याम श्रेष्ठले बताए ।प्रादेशिक अस्पतालमा सन् २००७ देखि एआरटीको सेवा सञ्चालन भइरहेको थियो । सो सेवालाई प्रभावकारी बनाउँदै संक्रमित बिरामीहरुलाई औषधि उपचार खर्चदेखि खाद्यान्न, यातायात खर्चसम्म सहयोग गर्ने ए.एच.एफले जनाएको छ । ए.एच.एफले प्रादेशिक अस्पताललाई १ जना जनशक्तिसमेत उपलब्ध गराएको छ । सन् २०३० सम्म एचआइभी निर्मूल गर्ने रणनीति अनुसार कार्यक्रमहरु सञ्चालन भइरहेका छन् । एचआइभी संक्रमितहरुले नियमित औषधि सेवन गरेमा अन्य नागरिकमा समेत नफैलिने बताइएको छ । एआरटी शाखाकी फोकल पर्सन कञ्चन नेपालीले प्रादेशिक अस्पतालमा २००७ देखि औषधि वितरण भइरहेको जानकारी दिइन् । उनले अस्पतालमा जाँच गरेका र औषधि सेवन गरिरहेकाहरुको विवरण समेत सार्वजनिक गरेकी थिइन् ।

अस्पतालको विवरण अनुसार झापामा एचआइभी संक्रमितहरुको संख्या हेर्ने हो भने २३२ पुरुष, २१४ महिला र १८ जना १५ वर्ष मुनिका बालबालिकाहरु रहेका छन् । ९८ जना उपचारका लागि नआएको बताइएको छ । फोकल पर्सन नेपालीले एआरटी सेवाका लागि २४५ जनाले स्थानान्तरण गरेको र ७८ जनाको मृत्यु भइसकेको जानकारी दिइन् । सेवा प्रारम्भ गर्ने कार्यक्रममा ए.एच.एफ नेपालका तर्फबाट राधेश्याम श्रेष्ठले संस्थाले सञ्चालन गर्दै आएको कार्यक्रमबारे जानकारी गराएका थिए ।


कार्यक्रमका प्रमुख अतिथि राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रका निर्देशक डा. सर्वेश शर्माले एचआइभी संक्रमितहरुलाई विभेद गर्न नहुने बताए । उनले संक्रमितहरु पनि आफूजस्तै नागरिक सम्झिएर उपचार गर्न निर्देशन दिए । डा . शर्माले संक्रमितहरुको चित्कारलाई स्वास्थ्यकर्मीले विनाभेदभाव उपचार सेवा प्रदान गर्नुपर्ने बताए । हरेक दिन एक जना नयाँ संक्रमित फेला पर्ने र एक जनाको मृत्यु हुने गरेको उनको भनाई छ । उपचारका सन्दर्भमा उठेका जिज्ञासा तथा सवालहरुका बारेमा डा.शर्माले सहजीकरण गरेका थिए । ए.एच.एफका प्रमुख दिव्यराज जोशीले स्वागतसहित कार्यक्रमको औचित्यमाथि प्रकाश पारेको कार्यक्रममा अस्पतालका निमित्त मेसु डा.रामबाबु खड्काले एआरटी सेवालाई प्रभावकारी रुपमा सञ्चालन गर्ने प्रतिवद्धता जनाएका थिए ।

# मोटरसाइकल र स्कुटी जुध्दा तीन घाइते



झापा(प्रस) । झापाको बिर्तामोड नगरपालिका वडा नम्बर २ स्थित चारपाने - बेलडाँगी भित्री सडकखण्डमा मोटरसाइकल र स्कुटी एकापसमा जुध्दा तीन जना घाइते भएका छन् । एकजनाको अबस्था गंभीर रहेको छ। बिहीवार दिउँसो अन्दाजी १ बजेको समयमा चारपाने - बेलडाँगी भित्री सडकखण्डमा बेलडाँगीबाट बिर्तामोडतर्फ आउँदै गरेको प्र १-०१-०२४ प ८०५१ नं.को मोटरसाइकल र बिर्तामोडबाट बेलडाँगीतर्फ जाँदै गरेको प्र १-०१-०१३ प ४९१६ नं.को स्कुटी एक आपसमा ठक्कर खाई दुर्घटना भएको थियो । दुर्घटनामा स्कुटी चालक बिर्तामोड २ बेलडाँगी बस्ने २२ वर्षीय दिपेश गौतमको टाउको ,हात र खुट्टामा चोट लागेको छ । गम्भीर अबस्थाका गौतमलाई उपचारको लागि बिर्तासिटी अस्पताल पठाइएको छ। त्यस्तै मोटरसाइकल चालक इलाम नगरपालिका ५ बस्ने २० वर्षीय कृष्ण ढुंगेलको अनुहारमा सामान्य चोट र पछाडि सवार सोही ठाउँ बस्ने २२ वर्षीय कमल भट्टराईको हात खुट्टामा सामान्य चोट लागेको छ । उनीहरुलाई पनि उपचारका बिर्तासिटी अस्पताल पुर्याइएको छ । दुवै सवारीसाधन इलाका प्रहरी कार्यालय बिर्तामोडले नियन्त्रणमा लिएको छ ।

# हतियार प्रहार गरी लुटपाट गर्न खोज्ने दुई पक्राउ




झापा(प्रस) । बिर्तामोडमा धारिलो हतियार प्रहार गरी लुटपाट गर्न खोज्ने दुईजना पक्राउ परेका छन् ।

बुधवार राति ११ बजेको समयमा बिर्तामोड नगरपालिका वडा नम्बर ६ मा फुलबारीको नर्सरी व्यवसाय गर्दै आएका भारतीय नागरिक अन्दाजी बर्ष ३५ का हविबुल इस्लामलाई इलाम घर बताउने हाल बिर्तामोड नगरपालिका वडा नं.५ बस्ने बर्ष २१ का भद्रबहादुर बस्नेत र ताप्लेजुङ फुङलिङ नगरपालिका वडा नं.६ घर बताई हाल बिर्तामोड नगरपालिका वडा नं.६ बस्ने बर्ष २६ का रोहन तामाङले धारिलो हतियार छुरा प्रहार गरी घाईते बनाई फरार भएका थिए । त्यसअघि उनीहरुले एकजना साइकलयात्रीलाई लुटपाट गरेका थिए । इलाका प्रहरी कार्यालय अनारमनी र अस्थाई प्रहरी पोष्ट बसपार्कबाट खटिएको प्रहरी टोलीले खोजतलास गर्ने क्रममा राति १ः५० बजे बिर्तामोड ५ स्थित सुगम पेट्रोल पम्प नजिकबाट उनीहरुलाई पक्राउ गरिएको हो । उनीहरुलाई इलाका प्रहरी कार्यालय अनारमनीमा राखी थप अनुसन्धान कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

घाइतेको बीएण्डसी अस्पतालमा उपचार भइरहेको छ । उनको ढाड र कुममा चोट देखिएको छ ।

# दलित समुदायको प्रतिनिधित्व नभएकोमा आक्रोश

• **लक्ष्मी उप्रेती,**

मेचीनगर । सरकारमा दलित समुदायको प्रतिनिधित्व शुन्य भएकोमा झापाली दलित अगुवाहरुले आक्रोश व्यक्त गरेका छन् । यसलाई उनीहरुले दलितले गरेको योगदानको अपमान गरेको बताएका छन् । उनीहरुले यसलाई तत्काल सच्याउन आग्रहसमेत गरेका छन् ।

गत असार ३१ मा नेकपा एमालेका अध्यक्ष एवम् झापा क्षेत्र नम्बर ५ बाट निर्वाचित केपी शर्मा ओलीले चौथो पटक ४५ औं प्रधानमन्त्रीको रुपमा पद तथा गोपनीयताको शपथ ग्रहण गरे । प्रधानमन्त्री ओली नेतृत्वमा गठन भएको २२ सदस्यीय मन्त्रिपरिषद्मा चार दल सहभागी छन् । तर, ती चारै दलले मन्त्रिपरिषद्मा दलित समुदायको प्रतिनिधित्व गराएनन् । जसका कारण अहिले चौतर्फी टिका टिप्पणी हुन थालेको छ ।

मन्त्रिपरिषद्मा एमालेको भागमा प्रधानमन्त्रीबाहेक आठ, नेपाली काँग्रेसको भागमा १०, जनता समाजवादी पार्टी र लोसपाका भागमा दुई/दुईजना मन्त्री भागमा परेपनि यी चारवटै दलले दलितलाई पठाएनन् । धेरैले यसलाई लोकतन्त्रको उपहास हो भनेका छन् ।

सांसद छविलाल विश्वकर्मालाई शुरुमा नेकपा एमालेले मन्त्री बनाउने भन्ने चर्चा चलेको थियो । दलित समुदायबाट प्रत्यक्ष निर्वाचित



एकमात्र सांसद विश्वकर्मालाई मन्त्री बनाउने तयारी गरेपनि पार्टीले छविलालले चाहेको मन्त्रालय दिन नमानेपछि सरकारमा एमालेका तर्फबाट दलित समुदायको प्रतिनिधित्व हुन नसकेको बताइएको छ । यसैलाई व्यङ्ग गर्दै राष्ट्रिय दलित आयोगका सदस्य सुन्दर पुर्कुटीले राज्यले दलित समुदायलाई 'देखाउने खसी, दिने फर्सी, त्यो पनि पर्सी' भनेजस्तै व्यवहार गरेको टिप्पणी गरेका छन् । उनको यो टिप्पणीप्रति मिश्रित प्रतिक्रिया आएको छ ।

नेकपा एमालेका नेता एवम् मुक्ति समाज नेपाल केन्द्रीय कमिटी सचिव सोमनाथ पोर्तेलले यो कदमलाई तत्काल सच्याउन आफ्नो पार्टीलाई आग्रह गरेका छन् । 'नेकपा एमाले जसले छुवाछूतमुक्त राष्ट्र घोषणा मात्रै होइन, विभेदविरुद्ध पहिलो पटक ऐन जारी गर्ने कामको नै नेतृत्व गर्यो । स्थानीय निकायमा महिला र दलित प्रतिनिधित्वको सुरुवात गराउने कामको अगुवाई एमालेले नै गर्यो'नेकपा एमाले कोशी प्रदेश कमिटी सदस्यसमेत रहेका पोर्तेलले भने,'नेकपा एमालेको नेतृत्वमा नै बनेको संविधानले दलित समुदायको अधिकार सुनिश्चित गरेर जारी गर्यो । तर त्यहि पार्टी र यी सबै कामको नेतृत्वकर्ता पार्टी अध्यक्ष केपी शर्मा ओली नेतृत्वमा बनेको बर्तमान सरकारमा दलित समुदायको शून्य सहभागिता हुनु दुःखद हो ।'

संविधानको धारा ७६(९) ले समावेशी सिद्धान्त बमोजिम मन्त्रिपरिषद् गठन गर्नुपर्ने व्यवस्था गरेको छ। समावेशी सिद्धान्तअनुसार समावेश गर्नुपर्ने मुख्य समुदाय महिला, दलित, आदिवासी-जनजाति, मधेसी तथा थारु समुदाय हो । तर वर्तमान सरकारमा दलित समुदायको सहभागिता शुन्य बनाईयो । यो संविधानको मर्म र भावनाविपरित भएकाले यसलाई सच्याउन उनले आग्रह गरेका छन् ।

दलित अधिकारका क्षेत्रमा क्रियाशील अधिवक्ता नरेश खाती देशका हरेक महत्वपूर्ण परिवर्तनहरूमा उल्लेख्य योगदान पुर्‍याएको दलित समुदायलाई अवसरबाट वञ्चित गरिएको टिप्पणी गर्छन् । दलितले गरेको योगदानको अपमान भएको उनको बुझाई छ ।

यो मुलुकका दलहरुले आफ्ना राजनीतिक दस्ताबेज र नारामा समावेशीतालाई स्वीकार गरेजस्तो देखाए पनि अवसर आउँदा नियोजित रूपमा वञ्चित गर्ने गरेको, यसअघिका सरकारहरूमा पनि दलित समुदायको उचित प्रतिनिधित्व नभएको अधिवक्ता खातीको आरोप छ ।

'नेपालमा १३ प्रतिशत दलित समुदायबाट मन्त्रिपरिषद्मा एकजना पनि अटाएनन् यो लोकतन्त्रको गज्जबको उपहार हो ' दलित समुदायका अभियानकर्मी एव्म सञ्चारकर्मी वीरु दर्नालले आफ्नो मुहारपुस्तिकामा लेखेका छन् । दलित नेतृत्वलाई अवसरबाट वञ्चित गरिएको भन्दैं उनले यसलाई तत्काल सच्याउनुपर्ने बताएका छन् ।

दलित अभियानकर्मी पार्वती गजमेर प्रधानमन्त्रीसहित २२ सदस्यीय मन्त्रिपरिषद् मा महिलाको प्रतिनिधित्व दुई जना अर्थात नौ प्रतिशत मात्रै रहेको बताउँछिन् । ' त्यसमा पनि दलित समुदायको त प्रतिनिधित्व खोई ? केपी ओली नेतृत्वमा गठन भएको मन्त्रिपरिषद् समावेशी भएन, संविधानमा भएको व्यवस्थालाई राजनीतिक पार्टीहरूले बेवास्ता गरे ' उनले गुनासो गरिन् । संविधानको धारा ७६ को उपधारा ९ मा राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा संघीय संसद्का सदस्यमध्येबाट समावेशी सिद्धान्त बमोजिम प्रधानमन्त्रीसहित बढीमा २५ जना मन्त्री रहेको मन्त्रिपरिषद् गठन गर्ने उल्लेख गरेको छ । धारा १६८ मा प्रदेश मन्त्रिपरिषद् पनि समावेशी हुनुपर्ने भनिएको छ ।

२०६४ सालमा सम्पन्न पहिलो संविधानसभामा खस आर्यको प्रतिनिधित्व ३५ दशमलव ९४ प्रतिशत, आदिवासी जनजातिको २८ दशमलव ६७ प्रतिशत, मधेशीको १९ दशमलव ०४ प्रतिशत, दलितको ८ दशमलव ४ प्रतिशत, थारूको ६ दशमलव ०५ प्रतिशत र मुस्लिमको प्रतिनिधित्व ३ दशमलव ०३ प्रतिशत रहेको थियो । २०७० सालमा सम्पन्न दोस्रो संविधानसभा निर्वाचनमा दलितको प्रतिनिधित्व घटेर ६ दशमलव ६६ प्रतिशतमा झर्‍यो । खस आर्यको प्रतिनिधित्व बढेर ४२ दशमलव २६ प्रतिशत पुग्यो भने आदिवासी जनजातिको २३ दशमलव ६२ प्रतिशत, मधेशीको १८ दशमलव ८ प्रतिशत भने थारूको ६ दशमलव ४९ प्रतिशत र मुस्लिमको २ दशमलव १६ प्रतिशत प्रतिनिधित्व हुन पुग्यो । २०७९ सालको निर्वाचनबाट प्रतिनिधि सभामा दलितको प्रतिनिधित्व घटेर ५ दशमलव ८२ प्रतिशत पुगेको अगुवाहरु बताउँछन् ।




# बाढीपहिरोले मध्यपहाडी राजमार्गको ४० किलोमिटर क्षतिग्रस्त



झापा(प्रस)। बाढीपहिरोका कारण पुष्पलाल (मध्यपहाडी) राजमार्गको उद्गम खण्डको १२ किलोमिटर सडकमा धेरै क्षति पुगेको छ। समग्रमा ४० किलोमिटर क्षेत्रका पुलपुलेसा, कल्भर्ट बगेका छन्।

बाढीपहिरोका कारण कालोपत्रको चरणमा रहेको उक्त सडकको भागमा क्षति भएको फिदिमस्थित पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय प्रमुख वीरेन्द्रकुमार यादवले जानकारी दिए। राजमार्गको उद्गमविन्दु चिवाभञ्ज्याङबाट पाँचथरको याङवरक गाउँपालिका-४ दारिम्बासम्म ५१ किलोमिटर सडक कालोपत्रका क्रममा छ। यही खण्डमा असार पहिलो साता परेको अत्यधिक वर्षाले दर्जनौं स्थानमा पहिरो खस्दा ठूलो क्षति भएको उनले बताए।

त्यहाँको ओयाम खोला र फलाम खोलामा रहेका पक्की सडकको पुल नै बाढीले बगाएको छ। सिलसिले खोलाको पुलमा पनि क्षति भएको छ। बाढीपहिरोले त्यहाँका साना-ठूला गरी आठवटा पुलामा क्षति भएको प्रमुख यादवले बताए। बाढीपहिरोका कारण धेरै स्थानमा सडक पुरिएको छ भने कतिपय स्थानमा दबेर तथा बगेर गएको छ। याङवरक गाउँपालिका-१ च्याङथापु, वडा नं २ फलैँचा, वडा नं ३ ओयाम र वडा नं ४ र ५ थर्पुको सडकमा क्षति भएको। सबैभन्दा बढी वडा नं ३ ओयाममा सडक क्षति भएको याङवरक गाउँपालिका-३ का वडाध्यक्ष विमल राईले बताए।

वडाध्यक्ष राईका अनुसार बाढीपहिराले अवरुद्ध सडक पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय फिदिम तथा याङवरक गाउँपालिकाको समन्वयमा एकतर्फी सञ्चालन भए पनि सहज बनाउन समय लाग्नेछ।

# एसईईमा एनजी आएका ५ विद्यार्थीको पुनर्योगपछि ४ जीपीए




झापा(प्रस)।राष्ट्रिय परीक्षा बोर्डले माध्यमिक शिक्षा परीक्षा (एसईई)को पुनर्योगको नतिजा सार्वजनिक गरेको छ। १९ हजार ६०० विद्यार्थीले पुनर्योगका लागि आवेदन दिएकामा चार हजार २८७ जना विद्यार्थीको नतिजामा सुधार आएको छ।

जसअनुसार एनजी (ननग्रेडेड) आएका पाँच जना विद्यार्थीको पुनर्योगपछि ४ जीपीए आएको छ। बोर्डले नतिजामा चित्त नबुझेका विद्यार्थीहरूलाई असार ३१ गतेसम्म अनलाइनमार्फत निवेदन दिन आह्वान गरेको थियो। प्राप्त आवेदनहरूमध्ये बोर्डले पहिलो चरणको नतिजा सार्वजनिक गरेको जनाएको छ।

यस्तै २८२ जना विद्यार्थीको नतिजा परिवर्तन भएको छ। बोर्डले धेरै अङ्क इन्ट्री गर्दा, केही टाइपिङ गलत भएर नतिजा फरक परेको जनाएको छ।

# एनसेलका खुद्रा बिक्रेता नगेन्द्रले जिते डिस्कभर बाइक

झापा(प्रस)। एनसेलले आफ्ना खुद्रा बिक्रेता र साना पसल गर्ने व्यवसायीहरुलाई प्रोत्साहन गर्ने उद्देश्यले संचालन गरेको ‘बिक्रीमा बहार, बिक्रेतालाई उपहार’ योजनाअन्तर्गत झापा गाउँपालिका ५ पन्थापाडामा शिवबाबा किराना संचालन गर्दै आएका नगेन्द्रप्रसाद गणेशले बजाज डिस्कभर बाइक जित्न सफल भएका छन्।




कम्पनीले आफ्नो च्यानल इको सिस्टमको प्रत्येक तहलाई सशक्त बनाउने प्रतिबद्धताअनुरुप देशभरका खुद्रा विक्रेताहरूलाई प्रोत्साहन र पुरस्कृत गर्ने उद्धेश्यका साथ यो कार्यक्रम लागू गरेको जनाएको छ। बिहीबार बिर्तामोडमा आयोजित एक कार्यक्रमका बीच कोशी प्रदेशका लागि एनसेलका प्रादेशिक व्यापार प्रबन्धक अम्बर भट्टाचार्यले नगेन्द्रप्रसाद गणेशलाई १२५ सीसीको बजाज डिस्कभर मोटरसाइकल हस्तान्तरण गरेका थिए।

यस कार्यक्रममा सहभागी भएका खुद्रा विक्रेताहरूले सिम कार्ड र प्याकहरूको बिक्रीबापत निश्चित प्वाइन्ट आर्जन गर्ने अवसर पाएका थिए। यसरी आर्जन गरिएको प्वाइन्टहरुको आधारमा उनीहरुले ६५ इन्चसम्मका स्मार्ट टिभी, स्मार्टफोन, स्मार्टवाच, पावर बैंक र ब्लुटुथ स्पिकरहरू उपहार पाएका छन्। बम्पर उपहारका रुपमा मोटरसाइकल पाउन आर्जन गरेको प्वाइन्टको आधारमा कुल ४,७५४ खुद्रा बिक्रेताहरु मोटरसाइकलका लागि योग्य थिए। विजेता नगेन्द्र गोलाप्रथामार्फत छानिएका हुन्।यस कार्यक्रमअन्तर्गत देशभर सातै प्रदेशबाट १,१०० जना खुद्रा विक्रेताहरूले विभिन्नउपहार पाउन सफल भएका छन्।

यो कार्यक्रमले खुद्रा बिक्रेताहरूलाई सहयोग गर्नुका साथै एनसेलका सेवा र सुविधाहरुको उपलब्धता सुनिश्चित गर्न र खुद्रा विक्रेताहरूलाई सहयोग प्रदान गर्न जिम्मेवार फिल्ड फोर्स टोलीलाई प्रोत्साहन गर्न पनि केन्द्रित रहेको कर्पोरेट कम्युनिकेसन अफिसर रमेश श्रेष्ठले बताए। खुद्रा विक्रेता तथा साना पसल गर्ने व्यवसायीहरूले एनसेल पसल एपमार्फत पनि एनसेलका सेवाहरू बिक्री गर्न सक्ने उनले बताए।

एनसेलले आफ्ना च्यानल साझेदारहरूको अमूल्य योगदानको कदर गर्ने र उनीहरूको व्यावसायिक सफलतालाई सहयोग गर्ने कम्पनी समर्पित रहेको जनाएको छ। साथै एनसेलले आफ्नो साझेदारी सुदृढ गर्ने, पारस्परिक समृद्धिका लागि काम गर्ने र आफ्ना ग्राहकहरूलाई निरन्तर गुणस्तरीय सेवा प्रदान गर्दै आफ्ना ग्राहकहरुलाई ‘सधैं अन’ रहन मद्धत गर्ने लक्ष्यका साथ कार्य गरिरहेको जनाएको छ।

आफ्ना ग्राहकहरूलाई कनेक्टिभिटीको पहुँचको लाभ सुनिश्चित गर्न एनसेलले नयाँ योजना सधैं अनमार्फत आमउपभोक्ता र उद्यमी, व्यवसायीहरुलाई पहिलाभन्दा सुलभ शुल्कमा डेटा, भ्वाइस र एसएमएस बन्डल सेवाहरु प्रदान गर्दै आएको छ। अनावश्यक रुपमा मोबाइलमा ब्यालेन्स नकाटिने, प्रयोग गर्न बाँकी रहेका सेवाहरु पुनःलिँदा थपिएर आउने र बन्डल सेवाहरुका साथ निर्धक्क सेवा पाईने यो योजनाको मुख्य विशेषताहरु रहेका छन्। कार्यक्रममा बितरक कम्पनी प्रिन्सा एण्ड आवत ट्रेडिङ प्रालि बिर्तामोडका सञ्चालक सुरेन्द्र कटुवाल, सिनियर सेल्स एक्जीक्यूटिभ प्रबिन गिरी, सिनियर एक्स्पर्टिष्ट रमेश श्रेष्ठलगायतको उपस्थिति रहेको थियो।

# रोजगारीका लागि विदेसिने सात लाखभन्दा बढी

झापा(प्रस)। गत आर्थिक वर्ष २०८०-८१ मा श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जानेको संख्या झन्डै साढे सात लाख पुगेको छ। वैदेशिक रोजगार विभागका अनुसार आव २०८०-८१ मा सात लाख ४३ हजार ५९७ जना श्रम स्वीकृति लिएर विदेसिएका हुन्।

आव २०७९-८० मा सात लाख ७१ हजार ३२८ वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएकोमा आव २०८०-८१ मा केही कमी आएको छ। आव २०७९-८० कोभन्दा आव २०८०-८१ मा वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिनेको संख्या २७ हजार ७३१ हजारले कमी हो।

वैदेशिक रोजगारीका लागि गत आवमा श्रम स्वीकृति सबैभन्दा धेरै जेठ महिनामा ७२ हजार ८६१ जनाले श्रम स्वीकृति लिएका छन् भने सबैभन्दा कम कात्तिक महिनामा ४३ हजार ६२२ जनाले श्रम स्वीकृति लिएर विदेश गएका छन्।

यस्तै वैशाख महिना ७० हजार ७३७ जना, चैत महिना ७० हजार ९३३ जना, फागुन महिना ६५ हजार ७५८ जना श्रम स्वीकृति लिएर विदेसिएका छन्। त्यसै गरी माघ महिनामा



६२ हजार १४३ जना, पुस महिनामा ६५ हजार ८१३ जना, मङ्सिर महिनामा ६८ हजार २०१ जना, असोज ५७ हजार २३५ जना, भदौ महिनामा ५० हजार ८८४ जना र साउन महिनामा ५५ हजार ५७५ जना श्रम स्वीकृति लिएर विदेश गएका छन्।

सरकारले श्रम स्वीकृति दिएर विदेश जान अनुमति दिन थालेको ३० वर्षमा चालु पछिल्लो तीन आवमा २१ लाख ४१ हजार युवाले रोजगारी खोज्दै देश छोडेका छन्। तीन वर्षको तथ्याङ्कलाई औसत गर्दा वार्षिक सात लाख १५ हजार नेपाली युवा रोजगारी खोज्दै विदेश गएको देखिन्छ। यो संख्या पुनः श्रम स्वीकृति लिएर गएका समेतको हो। विदेश जान श्रम स्वीकृति लिनेमा ६४ प्रतिशत नयाँ श्रमिक हुने गरेका छन् भने ३६ प्रतिशत बिदामा आएर पुनः श्रम स्वीकृति लिनेको संख्या हुने गरेको छ।

वैदेशिक रोजगारको ३० वर्षको इतिहासमा आव २०७९-८० मा सबैभन्दा बढी सात लाख ७१ हजार ३२८ युवाले विदेश जान श्रमस्वीकृति लिएका थिए।

वैदेशिक रोजगार विभागले २०५० सालदेखि श्रम स्वीकृति लिएर विदेश जाने श्रमिकको तथ्याङ्क राख्न सुरु गरेको हो। आव २०७८-७९ मा श्रम स्वीकृति लिएर विदेश जाने श्रमिकको संख्या छ लाख ३० हजार ९० जना छन्।

विभागका निर्देशक गुरुदत्त सुवेदीले स्वदेशमा रोजगारीको अवसर नपाएरपछि पछिल्लो समयमा ठुलो संख्या बाध्यात्मक वैदेशिक रोजगारी जानुपर्ने अवस्था रहेको बताए। स्वदेशमा पर्याप्त आन्तरिक रोजगारीका अवसर नहुँदासम्म बाध्यात्मक रूपमा वैदेशिक रोजगारीमा जाने क्रम नरोकिने पछिल्ला तीन वर्षमा श्रम स्वीकृति लिएर गएको तथ्याङ्कले पनि पुष्टि गरेको उनको भनाइ छ।

## ६ विकास...

कर्णाली विकास बैंक, नारायणी डेभलपमेन्ट बैंक, कर्पोरेट, सिन्धु विकास र एक्सेल डेभलपमेन्ट बैंकलाई कारबाही गरेको हो। यी संस्थाको सञ्चालक समिति, प्रमुख कार्यकारी अधिकृतहरुलाई कारबाही तथा सचेत गराउने काम पनि भएको छ।

राष्ट्र बैंकले सिन्धु विकास बैंकका अध्यक्ष राजेन्द्रकुमार श्रेष्ठलाई कारबाही गरेको हो। राष्ट्र बैंकबाट जारी भएको एकीकृत निर्देशनविपरीत काम गरेको भन्दै अध्यक्षलाई ५ लाख रुपैयाँ नगद जरिवाना गरेको छ। पुँजी कोषको अनुपात ३२.०९ प्रतिशत अपुग भएको भन्दै सिन्धु विकासलाई कारबाही गरिएको राष्ट्र बैंकको प्रतिवेदनमा उल्लेख छ।

अनिवार्य नगद मौज्दात (सीआरआर) सीमामा नराखेको भन्दै कर्णाली डेभलपमेन्ट बैंक पनि कारबाहीमा परेको छ। राष्ट्र बैंकका अनुसार कर्णाली विकास बैंकलाई २ हजार ५ सय ४६ रुपैयाँ जरिवाना गरिएको छ। समयमै वासलात नबुझाएको भन्दै कर्पोरेट डेभलपमेन्ट बैंकलाई पनि सचेत गराइएको छ भने नारायणी डेभलपमेन्ट बैंक पनि कारबाहीमा परेको छ। ‘समयमै लेखा परीक्षण नगराएको तथा वासलात नबुझाएको भन्दै एक्सेल डेभलपमेन्ट बैंक पनि कारबाहीमा परेको छ भने एक्सेल विकास बैंकलाई सचेत गराइएको छ,’ राष्ट्र बैंकले भनेको छ।

नियामक निकायको कारबाहीमा पर्ने वित्त कम्पनीहरुमा बेष्ट फाइनान्स, रिलायन्स फाइनान्स र प्रोग्रेसिभ फाइनान्स छन्। नियमविपरीत काम गरेको भन्दै यी संस्थालाई पनि राष्ट्र बैंकले कारबाही गरेको हो।

# ट्र्याक्टर दुर्घटनामा तामाङको मृत्यु

झापा(प्रस)। ताप्लेजुङको मैवाखोला गाउँपालिकामा ट्र्याक्टर दुर्घटनामा परी एक जनाको मृत्यु भएको छ। प्रहरीका अनुसार मैवाखोला गाउँपालिका-२ ढुङ्गेसाँघुका स्थानीय ३५ वर्षीय भीमकुमार तामाङको दुर्घटनामा परी मृत्यु भएको हो।





जिल्ला प्रहरी कार्यालय ताप्लेजुङका सूचना अधिकारी एवम् प्रहरी निरीक्षक कमलकुमार लुङगेलीका अनुसार प्र १-०२-००३ त ९६० नम्बरको ट्र्याक्टर दुर्घटना हुँदा तामाङ गम्भीर घाइते भएका थिए। टाउको र शरीरको विभिन्न भागमा चोट लागेका तामाङको जिल्ला अस्पतालमा उपचार सम्भव नभएपछि थप उपचारका लागि जिल्ला बाहिर लैजाने क्रममा बाटोमै मृत्यु भएको प्रहरी निरीक्षक लुङगेलीले जानकारी दिए।

उनका अनुसार मृतक तामाङको शव जिल्ला अस्पतालको शवगृहमा राखिएको छ। ढुङ्गेसाँघुको कागतेस्थित भित्री सडक भुसुने स्वास्थ्य इकाईदेखि सोही टोल भुसुनेतर्फ जाँदै गरेको ट्र्याक्टर दुर्घटना भएको थियो। उकालो सडकमा ट्रली फसेपछि ट्र्याक्टर निकाल्ने प्रयास गर्दा करिव २० मिटर तल झरेर दुर्घटना भएको थियो।

ट्र्याक्टरका चालक सोही ठाउँका सनबहादुर तामाङ भने सकुशल रहेको र तामाङलाई नियन्त्रणमा लिएर दुर्घटनाबारे अनुसन्धान सुरु गरेको जिल्ला प्रहरी कार्यालय ताप्लेजुङले जनाएको छ।

# जग्गादाता डोमालाल राजवंशीको शालिक तयार भयो



झापा(प्रस)। बिर्तामोड ३ बिर्ताबजारस्थित डोमालाल राजवंशी रंगशालाका जग्गादाता स्व. डोमालाल राजवंशीको शालिक तयार भएको छ। झापा गोल्डकपले भारतको जयपुरबाट सिंगमरमरको अर्द्धकदको शालिक तयार गरी ल्याएको हो। जुन डोमालाल राजवंशी रंगशालामा राखिनेछ। सो शालिक बिर्तामोडको ३ नं वडा कार्यालयलाई बुझाउने र वडा कार्यालयकै समन्वयमा शालिक स्थापित गरिने झापा गोल्डकपका अध्यक्ष विनोद बस्नेतले बताए।

उनले नगरपालिका र वडा कार्यालयकै समन्वयमा डोमालालकी छोरीलाई केही दिनपछि घर बनाइदिने अभियान संचालन गरिने पनि जानकारी दिए। जग्गा नछुट्याइदिँदा घर निर्माणको काम शुरु गर्न नसकिएको उनले बताए। स्व. डोमालालले दुर्गा मन्दिरको लागि करिव १२ विगाह जग्गा दान दिएका थिए। जुन जग्गा देवी गुठीका संचालकहरुले हिनामिना गरेका थिए।

जनहितमा जारी सूचना

नगरपालिकालाई बुझाउनुपर्ने घर, जग्गा र मालपोत दस्तुर व्यवसाय कर लगायत कर नियमित तिरौं।

जन्म, मृत्यु, बसाइसराइ जस्ता व्यक्तिगत घटना ३५ दिनभित्र अनिवार्य दर्ता गरौं।

सार्वजनिक सम्पति संरक्षणमा नगरपालिकालाई सहयोग गरौं।

बिर्तामोड नगरपालिका
बिर्तामोड, झापा, कोशी प्रदेश






नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# ओलीप्रतिको आशा

प्रतिगमन गर्न खोज्दा असार २८ मा परमादेशबाट सत्ताच्यूत भएका केपी ओली असार २८ कै दिन जनादेशबाट फेरि प्रधानमन्त्री बनेका छन् । ओलीको आनी बानीका बारेमा नेपाली जनतालाई राम्ररी नै थाहा छ । उनीमाथि अझै जनताले शंका गरिरहेका छन् ।

प्रधानमन्त्री ओलीको राजनीतिक जीवनमा अर्को सफलता प्राप्त भएको छ। राष्ट्रपति रामचन्द्र पौडेलसँग सोमबार पद तथा गोपनीयताको सपथ लिएपछि औपचारिक रूपमा उनको नयाँ कार्यकाल सुरु भएको हो। संविधानको धारा ७६ (२) अन्तर्गत बनेको सरकारलाई मुलुकको पहिलो ठुलो दल नेपाली कांग्रेसको साथ रहेको छ। यसकारण झन्डै दुईतिहाइभन्दा बढी सांसदको समर्थन ओलीसँग छ। यसले उनलाई इतिहासमै बिरलै आउने अवसर प्राप्त भएको छ। यसले उनलाई मुलुकमा देखिएका निराशा चिर्ने र आर्थिक समृद्धितर्फ लैजाने मौका मिलेको छ। यो मुलुकमा सकारात्मक ढंगले काम हुन सक्छ भन्ने विश्वास दिलाउनुपर्ने चुनौतीपूर्ण अवस्थामा उनले यतिबेला मुलुकको सरकार प्रमुखको जिम्मेवारी पाएका छन्।

संयोग गजबै परेको छ। मुलुकको आर्थिक वर्षको अन्तिम दिन उनले जिम्मेवारी लिएका छन्। प्रत्येक वर्षजसो पुँजीगत बजेट कम भएको र भएको बजेट पनि कम खर्च हुने गरेको गुनासोबिच उनको कार्यकाल सुरु भएको छ। मुलुकको विकास निर्माणको कामलाई प्रधानमन्त्रीका रूपमा समन्वय गर्ने र अगाडि बढाउने जिम्मेवारी मात्रै पनि उनले गम्भीरतापूर्वक निर्वाह गरिदिए भने स्थिति फेरिन सक्छ। यतिबेला मुलुकलाई आत्मविश्वासको आवश्यकता छ। मुलुकमा केही हुन्छ भन्ने सन्देश दिन सक्ने प्रधानमन्त्री असफल हुने अवस्था छैन। जाँगरिला जनता, स्रोतसाधनयुक्त देश र उदार लोकतान्त्रिक शासनव्यवस्था भएका बेला पनि उन्नति हुन नसके कहिले हुन्छ?

मुलुकको प्रधानमन्त्रीको जिम्मेवारी प्राप्त हुनु व्यक्तिगत जीवनको सबैभन्दा ठुलो उपलब्धि हो। यस्तो बिरलाकोटी अवसर निकै कम पौरखीलाई मात्र प्राप्त हुन्छ। त्यसमा पनि चार पटक प्रधानमन्त्री बन्ने अवसर पाउनु भनेको कामको अवसर हो। भलै उनको दोस्रो र तेस्रो कार्यकाल प्राविधिक कारणले एउटै हो भन्ने हो भने पनि अहिले सरकार सञ्चालनका निम्ति आएको अवसर अपूर्व हो। दुर्गम पहाडी जिल्ला तेह्रथुमको इवामा २००८ सालमा जन्मिएर १४ वर्षसम्म अनवरत जेल जीवन भोगेर आफूलाई राजनीतिक रूपमा खरो उतार्न सफल ओलीले चाहे भने परिवर्तन सम्भव छ। कुनै पनि मुलुकले राजनेता आयात गर्न सक्दैन। भएकै नेताहरूले आम नागरिकमा भरोसा जन्माउने र इतिहासमा बाँचिरहने हो। त्यसकारण पनि ओलीका निम्ति यो इतिहास बनाउने अनुपम अवसर हो।




# रोक्न सकिन्छ युवा पलायन



• ढुनबहादुर बुढाथोकी

नयाँ पुस्ता स्वदेशमा बस्न नचाहनु वा विदेशमा उच्च शिक्षा हासिलपश्चात् फर्कन नचाहनुमा नेपालको राजनीतिक वातावरण, कर्मचारीतन्त्र, सामाजिक तथा सांस्कृतिक मूल्यमान्यता मूल रूपमा दोषी रहेको छ ।

हालसम्म नेपालले विश्वका १११ मुलुकमा वैदेशिक रोजगारका लागि सरकारले स्वीकृति प्रदान गरेको छ । तीमध्ये दक्षिण एसियाली-मुलुक बङ्गलादेश, माल्दिप्स, पाकिस्तान, श्रीलङ्का, अफगानिस्थान, दक्षिणपूर्वी एसियाली-मुलुक चीन, ताइवान, हङकङ, मकाउ, सिङ्गापुर, थाइल्यान्ड, मङ्गोलिया, दक्षिण कोरिया, जापान, पश्चिम एसियाली-मुलुक, साउदी अरब, बहराइन छन् । त्यसै गरी लेवनन, इराक, लिबिया, युएई, जोर्डन, कुवेत, ओमान, कतार युरोपेली मुलुक-बेल्जियम, फ्रान्स, जर्मनी, न्युजिल्यान्ड, स्विडेन, नर्वे, माल्टा, अल्बानिया, युक्रेन पनि श्रम स्वीकृति दिएको मुलुकमा पर्छन् । त्यस्तै अफ्रिकी मुलुक-कङ्गो, चाँद, बोसेनिया हर्जगोवनिया, निकारागुवालगायत अमेरिका, अस्ट्रेलिया, क्यानडा, रुस, मेक्सीको जस्ता मुलुकमा श्रम स्वीकृति दिइएको छ । स्वीकृति दिइएका मुलुकमध्ये इराक, लिविया, अफगानिस्थानमा हाल सुरक्षाको कारण रोक लगाइएको छ भने रुस तथा युक्रेनबिच जारी युद्धलाई दृष्टिगत गरी २०८० पुस १९ गतेबाट श्रम स्वीकृति स्थगन गरिएको छ । दक्षिण एसियाली मुलुक भुटानमा श्रम दिइएको छैन् भने छिमकी भारतमा श्रम स्वीकृति आवश्यक नपर्ने हुँदा उक्त सूचीमा पारिएको छैन ।

अहिले श्रमस्वीकृति लिई दैनिक दुई हजार पाँच सयदेखि तीन हजार र बर्सेनि छ लाख श्रमशक्ति पलायन हुने गरेका छन् । मूलतः आर्थिक रूपमा क्रियाशील उमेर समूहका (१८ देखि ४४ वर्ष) श्रमशक्ति बाहिरिएकोमा सबैभन्दा अधिक २५ देखि ३५ उमेर समूहका श्रमशक्ति पलायन भएका हुन् । वैदेशिक रोजगार विभागको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०६४।६५ मा दुई लाख चार हजार, आव २०७१।७२ मा छ लाख ९३ हजार, कामको खोजीमा पलायन भएकोमा यो सङ्ख्या आव २०७९।८० मा सात लाख ७५ हजार पुगेको हो । आव २०५०।५१ देखि २०६२।६३ को अवधिमा सात लाख ५८ हजार ६७५ हजार युवा पलायन भएकोमा यो सङ्ख्या आव २०७१।७२ मा ३३ लाख ६२ हजार हुँदै २०८०।८१ करिब ५७ लाख पुगेको छ । आर्थिक रूपमा क्रियाशील युवापुस्ता पलायन हुन बाध्य अनेक कारण छन् ।

बेरोजगारी युवा पलायनको प्रथम कारण हो । मूलतः नेपालको शैक्षिक प्रणाली अझै पनि परम्परागत एवं अव्यावहारिक रहेकाले जीवन उपायोगी ज्ञान, सिप र दक्षताको अभाव छ । अर्कोतर्फ आयआर्जनमूलक तालिम तथा प्रशिक्षण उपलब्ध गराउने गुणस्तरीय संस्था यथेष्ट मात्रामा स्थापना भएका छैनन् । सोही कारण अधिकांश युवा स्वरोजगार बन्न सकेका छैनन् । युवा स्वरोजगार बन्न नसक्दा बिदेसिन बाध्य छन् ।

दोस्रो, कृषि क्षेत्र व्यावसायिक बन्न नसक्नु युवा पलायनको अर्को कारण हो । नेपाल कृषिप्रधान मुलुक भए पनि अहिले पनि ६२ प्रतिशत मानिस कृषि पेसाद्वारा जीवनयापन गरिरहेका छन् । कृषि क्षेत्रमा मूलतः सामान्य साक्षर वा निरक्षर संलग्न छन् भन्दा अत्युक्ति हुँदैन । अर्कोतर्फ कृषि प्रणाली अहिले पनि परम्परागत, अवैज्ञानिक र निर्वाहमुखी छ । जसको कारण कृषि क्षेत्रको मूल्य अभिवृद्धि शृङ्खला अहिले पनि नाजुक रहेको हो । सोही कारण कृषि क्षेत्रमा रोजगारीका नवीतम ढोका उघ्रन नसक्दा कृषि क्षेत्रबाट जीवनयापन हुन कठिन छ । कृषिबाट पलायन जनशक्ति बिदेसिन बाध्य छ ।

उद्योगधन्दा कलकारखाना विकास हुन नसक्नु युवा पुस्ता पलायनको तेस्रो कारण हो । रोजगारी सिर्जनामा औद्योगिक क्षेत्रको अहम् भूमिक हुने भएता पनि लगानीमैत्री वातावरणको अभावमा नेपालमा नयाँनयाँ उद्योगधन्दा, कलकारखाना खासै स्थापना हुन सकेका छैनन् । विगतमा सञ्चालनमा रहेका उद्योगधन्दा तिताक्तपूर्ण श्रम सम्बन्ध, न्यूनतम पारिश्रमिक उपलब्ध गराउने क्षमताको अभाव, युनियनका नाममा जबरजस्ती, चन्दा आतङ्कका कारण ओरालो लागेका हुन् । सोही कारण औद्योगिक क्षेत्रबाट हुनुपर्ने रोजगारी सिर्जना अत्यन्त नाजुक बन्दा उद्योगधन्दा कलकाखानमा कामकाजको अवसर अभावमा युवापुस्ता रोजगारीको खोजीमा पलायन भएका छन् ।

सेवा क्षेत्रको पर्याप्त विकास हुन नसक्नु युवापुस्ता पलायन हुनुको चौथो कारण हो । यसै पनि कृषि क्षेत्र, उद्योगधन्दा कलकारखानमा मौलाउन नसक्दा सेवा क्षेत्रले आयआर्जनको अवसर प्राप्त गर्न सक्दैन । यी दुवै क्षेत्रको अवस्था अहिले पनि नाजुक छ । अर्कोतर्फ सेवा क्षेत्र जे जति सञ्चालनमा छन् उत्पादनमूलक क्षेत्रको गतिविधि नाजुक हुँदा सेवा क्षेत्रको मूल्य अभिवृद्धि शृङ्खला साँघुरो बन्न पुगेको हो । यसरी कृषि, उद्योग र सेवा क्षेत्रमा कामको अवसर प्राप्त नभएपछि बिदेसिनको के विकल्प हुन सक्छ र ?

न्यून पारिश्रमक दर युवा पलायनको पाँचौँ कारण हो । यसै पनि, विश्वविद्यालयको प्रमाणपत्र धारण गरेकै कारण सार्वजनिक क्षेत्रमा रोजगारी प्राप्त हुने सम्भावना छैन । लोक सेवा जस्तो कठिन र अनिश्चित मार्ग रोजगारीका सहज बाटो होइन र त्यो सीमित छ । निजी क्षेत्रमा कामका निम्ति भनसुन आवश्यकता पर्ने मात्र गरेको छैन, रोजगारी प्राप्त भइहाले पारिश्रमिकबाट चार जनाको परिवार कठिन छ । पछिल्लो समयमा अर्थात् विसं २०८० साउन १ मा निर्धारण गरिएको १७ हजार तीन सय रुपियाँ न्यूततम मासिक पारिश्रमिकसमेत उपलब्ध गराउन सक्ने सामर्थ्य निजी क्षेत्रका कतिपय संस्थामा छैन । जीवनयापन गर्न पुग्ने पारिश्रमिकको अभावमा आकर्षक पारिश्रमिकसहितको रोजगारीका निम्ति बाहिरि नै पर्ने अवस्था छ ।

अति बेरोजगारी युवा पलायनको छैटौँ कारण हो । यसै पनि कृषि, उद्योग, सेवालगायतका क्षेत्रहरूमा रोजगारीका अवसर सिर्जना हुन नसकी बर्सेनि पाँच लाख नयाँ मुहार श्रम बजारमा प्रवेश गर्ने गरेका छन् । सोही कारण अल्प, मौसमी शैक्षिक तथा पूर्ण बेरोजगारी पेचिलो बनेको छ । दुई वर्षअघि (सन् २०२२ ) बेरोजगारी दर ११.१२ प्रतिशत रहनु यसैको प्रतिविम्ब होइन भन्न मिल्दैन । बेरोजगारीले नेपाली युवालाई देशबाहिरको रोजगारीमा आकर्षित गर्नु अस्वाभाविक होइन ।

युवा पुस्ताको अपेक्षामा तुषारापात हुनु पलायनको सातौँ करण हो । यसै पनि सूचना प्रविधिको कारण विश्वसमाजसँग राम्रै परिचित भएका नयाँ पुस्ता अहिले विश्वस्तरीय सेवासुविधाको आकांक्षा राख्छन् । राजनीतिक स्थायित्व, सुशासन, लैङ्गिक समानता, भ्रष्टाचार निरुपण, आर्थिक असमानता अन्त्य, सहनयोग्य मुद्रास्फीति दर, पेसा तथा व्यापार व्यवसाय अनुकूल वातावरण नयाँ पुस्ताको अपेक्षित चाहना हो ट्रान्सपरेन्सी इन्टरनेसनल अनुसार सन् २०२२ मा नेपाल भ्रष्टाचारको विश्वसूचीमा, कुल १८० मुलुकमध्ये मात्र ३४ ३४ स्कोरमा चित्त बुझाउँदै ११० औँ स्थानमा रहेको छ । उक्त आँकडाबाट मुलुकमा सुशासन नाजुक देखिन्छ । विश्व बैङ्कका अनुसार, सन् २०२० मा 'डुइङ बिजनेस सोपान' मा नेपाल, ६३.२ स्कोरमा सीमित हुँदै कुल १९० मुलुक मध्ये ९४ औँ स्थानमा रहेको छ । उक्त आँकडाबाट नेपालमा व्यापार व्यवसाय अनुकूल वातावरण अभाव रहेको सङ्केत मिल्छ । आर्थिक सर्वेक्षण २०७९।८० अनुसार पछिल्लो १० वर्षमा मुद्रास्फीति दर औसत ६.४ प्रतिशत रहेको छ । जुन विकसित मुलुकको तुलनामा औसत तीन गुणा अधिक हो । प्रस्तुत नकारात्मक आर्थिक तथा मानवीय परिसूचकको कारण पनि युवा पलायनको कारण बनेको छ ।

राजनीतिक अस्थिरता, नीतिगत अस्थिरता, सुशासनको जस्ता अनेक कारणले अधिक युवा यहाँ काम गर्न उत्साहित छैनन् । विकसित मुलुकमा प्राप्त हुन सक्ने अवसर युवा पलायनको थप कारण हो । जुन मुलुकमा उद्योगधन्दा, कलकारखाना, व्यापार व्यवसाय, सेवा क्षेत्र मौलाएको हुन्छ, स्वाभाविक रूपमा उक्त मुलुकको कुल गार्हस्थ उत्पादन र प्रतिव्यक्ति आय उच्च हुन्छ । परिणमतः त्यस्तो मुलुकमा सामाजिक सुरक्षा, सामाजिक न्याय, सार्वजनिक सेवासुविधा, सामाजिक मनोवृत्ति अब्बल हुन्छ । नेपाली युवा त्यसतर्फ आकर्षित हुनु स्वाभाविक हो । अस्ट्रेलिया, क्यानडा, न्युजिल्यान्ड, डेनमार्क जस्ता मुलुकमा जनसंख्याको आकार सानो हुनु तर नयाँ नयाँ व्यापार व्यवसाय उद्योगधन्दा द्रुत गतिमा स्थापना हुँदै छन् । ती मुलुकले बाह्य मुलुकका कामदारलाई आकर्षक पारिश्रमिकसहित स्वागत गर्नु गरिरहेका छन् । संयुक्त राज्य अमेरिकाले डाइभर्सिटी भिसा (डिभी) उपलब्ध गराएरै बाहिरबाट जनशक्ति लगिरहेको छ ।

नेपालमा थप रोजगारी सिर्जना गर्नै नसकिने हो र ? सकिन्छ । जस्तो कृषि क्षेत्रमा रोजगारी सिर्जनाका लागि व्यावसायिक बनाउनु पर्छ । कृषि क्षेत्रलाई व्यावसायिक बनाउन प्रधानमन्त्री कृषि कार्यक्रमको प्रभावकारी कार्यान्विन, निःशुल्क तालिम, आधुनिक कृषि प्रविधि अवलम्बन, उन्नत बिउबिजन, सहुलियत ब्याजदरमा ऋण सुविधा, लिज-सुविधा, सिँचाइ सुविधा, बिमा सुविधा, कृषि उपजको समर्थन मूल्य निर्धारण र बजार प्रत्याभूति गर्नु पर्छ ।

विकास आयोजनाका माध्यबाट रोजगारी सिर्जनाका लागि राज्यले अगाडि सारेका जलविद्युत्, सडक, रेलमार्ग, द्रुतमार्ग, हवाई मैदान, विशेष आर्थिक क्षेत्र, प्रसारण लाइनलगायतका भौतिक पूर्वाधारसम्बन्धी आयोजना शिघ्र कार्यान्वयनमा जोड दिनु पर्छ । यसका निमित्त लागत अनुमान, बोलपत्र आह्वान, ठेक्का व्यवस्था, खरिद सम्झौता, जग्गा प्राप्ति, रुख कटानी, वातावरणीय प्रभाव मूल्याङ्कनका क्षेत्रमा रहेका समस्या चाँडो समाधान हुनु पर्छ । उद्योगधन्दा तथा कलकारखाना स्थापनका माध्यमबाट रोजगारी सिर्जना गर्न मुलुकलाई आवश्यक पर्ने र अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा सम्भव भएका कलकारखानाको स्थापनमा जोड दिनु पर्छ ।

नयाँपुस्ता स्वदेशमा बस्न नचाहनु वा विदेशमा उच्च शिक्षा हासिलपश्चात् फर्कन नचाहनुमा नेपालको राजनीतिक वातावरण, कर्मचारीतन्त्र, सामाजिक तथा सांस्कृतिक मूल्यमान्यता मूल रूपमा दोषी रहेकाले राजनीतिज्ञ, कर्मचारीतन्त्र, समाजसेवी, सामाजिक अभियन्ता, सामाजिक अगुवा आदिले आआफ्नो रवैयामा सुधार गरी युवापुस्ताको मानसपटलमा आशााको किरण जगाउन सक्नु पर्छ । यसका निमित्त कतिपय राजनेता, राजनीतिक दल, कर्मचारीतन्त्रले जर्गेना गरेको कुसंस्कृतिलाई तिलाञ्जली दिन सक्नु पर्छ ।

# इन्जिनियरको सङ्गठित भूमिका



• हरिबहादुर थापा

स्वदेश तथा विदेशमा आर्जन गरेको ज्ञान, सिप, क्षमता र अनुभवलाई देशको खातिर आकर्षित गर्नु पर्छ । यसका लागि सबै खाले विभेद, विकृति, सङ्कीर्णता, शोषण, व्यावसायिक विचलन तथा बदनामीको पहिचान गरी त्यस्ता तत्वविरुद्ध सबैलाई लामबद्ध गर्न सके मात्रै इन्जिनियरिङ पेसा र पेसाकर्मीलाई मुलुकको समृद्धिको वाहक र कारक बनाउन सम्भव हुन्छ ।

केही दशकअघिसम्म पेसाकर्मीका रूपमा इन्जिनियरको गरिमा र महत्व अग्रस्थानमा रहेको थियो । यसरी मुलुक र समाजले उच्च कोटीमा राखेको इन्जिनियरिङ जनशक्ति र यो क्षेत्रले पछिल्ला दिनमा अपेक्षित स्थान पाउन नसक्नुमा यो पेसा अपनाउने पेसाकर्मी स्वयम् र यसको व्यवस्थापन एवं उपयोगमा संलग्न सम्पूर्ण सरोकारवालाकै प्रमुख भूमिका रहेको मान्न सकिन्छ । समृद्ध मुलुक निर्माणको प्रमुख लक्ष्य लिएको मुलुकका लागि प्राविधिक जनशक्ति त्यसमा पनि इन्जिनियरको ठुलो माग र महत्वपूर्ण भूमिका अपरिहार्य छ ।

जनशक्ति उत्पादनको दृष्टिकोणले नेपालमा विभिन्न विधाका इन्जिनियरको संख्या उल्लेख्य रहेको छ । देशभित्र सञ्चालित विभिन्न विश्वविद्यालयका आङ्गिक तथा सम्बन्धन प्राप्त इन्जिनियरिङ क्याम्पस, छिमेकी मुलुक भारत, चीनलगायत तेस्रो मुलुकबाट दीक्षित भएर इन्जिनियरिङका जनशक्ति उत्पादन हुँदै आएका छन् । कम्तीमा स्नातक उत्तीर्ण इन्जिनियरिङ जनशक्तिले नेपालमा व्यावसायिक अभ्यास गर्न नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५ अनुसार नेपाल इन्जिनियरिङ परिषद्मा दर्ता हुनु पर्छ । कानुनी व्यवस्था यो भए पनि सो सम्बन्धमा कडाइका साथ नियमन र अनुगमन हुन नसक्दा परिषद्मा दर्ता भएका इन्जिनियरको संख्यालाई नै नेपालमा उपलब्ध इनजिनियरिङ जनशक्ति भनी किटान गर्न कठिनाइ रहेको छ ।

विसं २०५१ सम्म नेपालमा इन्जिनियरिङको स्नातक अध्ययनका लागि अत्यन्त सीमित अवसर थियो । इन्जिनियरिङ अध्ययन संस्थान अन्तर्गतको पुल्चोक क्याम्पसमा सीमित कोटाका लागि मेधावी विद्यार्थीबिच तीव्र प्रतिस्पर्धा हुने गरेको थियो । त्यसबाहेकका विद्यार्थीका लागि विभिन्न छात्रवृत्ति कोटा तथा स्वलगानीमा भारत, चीन, तत्कालीन सोभियत रुसलगायत विभिन्न देशमा गई इन्जिनियरिङ अध्ययन गर्नुपर्ने बाध्यता थियो । नेपालमा इन्जिनियरिङ जनशक्तिको तत्कालीन अभावलाई मनन गरी इन्जिनियरिङ अध्ययन संस्थान अन्तर्गत सञ्चालन भइरहेको दुईवर्षे प्रवीणता प्रमाणपत्र तह (आइई) को पाठ्यक्रममा सुधार गरी त्यसलाई तीनवर्षे डिप्लोमा बनाई मध्ययमस्तरीय दक्ष इन्जिनियरिङ जनशक्ति तत्काल उत्पादन गर्ने नीति अङ्गीकार गरिएको थियो । सरकारको पछिल्लो नीति अनुरूप सो पाठ्यक्रम हाल प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) मार्फत विद्यालय शिक्षाको रूपमा देशभरि सञ्चालनमा रहेका छन् । नेपालको प्राविधिक क्षेत्रमा यो तहको जनशक्तिको ठुलो योगदान रहेको छ ।

अहिले पनि सानादेखि ठुला आयोजनामा सबइन्जिनियर अर्थात् डिप्लोमा इन्जिनियर (साधारण बोलीचालीको भाषामा ओभरसियर) जनशक्तिको माग, उपयोग र जिम्मेवारी मह□वपूर्ण रहेको छ । इन्जिनियरिङ विषयमा स्नातक उत्तीर्ण गरेका जनशक्तिलाई मात्र इन्जिनियरको परिभाषामा राखी परिषद्मा दर्ता गर्ने विद्यमान नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५ को व्यवस्था भएकाले मुलुकको विकास निर्मणमा वर्षौंदेखि उल्लेख्य योगदान दिएको यो तहको जनशक्तिको दर्ता, नियमन, अनुमगन तथा पहिचान स्थापना गर्न विद्यमान कानुन चुकेको देखिन्छ । यसले नेपालको इन्जिनियरिङ जनशक्ति तथा इन्जिनियरिङ पेसाको जग कमजोर बनाएको छ ।

नेपाली इन्जिनियरिङ जनशक्तिको ज्ञान, सिप, क्षमता र सम्भावनाले पूरै विश्वलाई आकर्षित गरिरहेको छ । पछिल्लो दशकमा हामीले यस्ता विश्व प्रतिस्पर्धी जनशक्तिलाई मुलुकभित्रै आकर्षित गर्न, थेग्न र आशा दिलाउन चुकिरहेका छौँ । यसमा सरोकारवाला गम्भीर भएर सोच्ने बेला आएको छ ।

२०५० को दशकपछि नेपालभित्रै इन्जिनियरिङ शिक्षा लिन चाहनेका लागि सरकारी तथा निजी पहलबाट खुलेका विभिन्न क्याम्पसले राम्रो अवसर प्रदान गरेका हुन् । फलस्वरूप देशभित्रै काम गर्दै पढ्ने, केही वर्ष काम गरेर पढ्ने, केही रकम खर्च गरेर पढ्ने, धेरै मेहनत गरेर प्रतिस्पर्धामा उच्च स्थान हासिल गरी छात्रवृत्तिमा पढ्नेहरू छन् । धेरै रकम खर्च गरेर विदेश गएर पढ्न नसक्ने, आफ्नै सहरमा परिवारसँगै वा स्वदेशमै रहेर पढ्ने चाहना भएका सबैका लागि विश्वस्तरमा प्रतिस्पर्धा गर्न सक्ने नेपाली इन्जिनियरिङ जनशक्ति नेपालमै उत्पादन भएकाले नै अहिले संख्यात्मक रूपमा इन्जिनियरको विकास हुन सकेको हो । दुई दशक अघिसम्म पनि स्नातक उपाधि प्राप्त इन्जिनियरिङ जनशक्तिको अभाव रहेको मुलुकमा अहिले स्नातकोत्तर उपाधि प्राप्त जनशक्ति उच्च दरमा उत्पादन भइरहेका छन् । नेपालमा उत्पादित इन्जिनियरिङ जनशक्तिले विश्व प्रतिस्पर्धाका हरेक मञ्चमा अग्रस्थानमै प्रतिस्पर्धा गरिरहेका छन् । अहिले विश्वका विकसित मुलुकका विश्वविद्यालय तथा व्यावसायिक प्रतिष्ठानमा नेपाली इन्जिनियरिङ जनशक्तिको सङ्ख्या, ख्याति र प्रभावकारी संलग्नता बढिरहेको छ । नेपाली इन्जिनियरिङ जनशक्तिको ज्ञान, सिप, क्षमता र सम्भावनाले पूरै विश्वलाई आकर्षित गरिरहेको छ । पछिल्लो दशकमा हामीले यस्तो विश्व प्रतिस्पर्धी जनशक्तिलाई मुलुकभित्रै आकर्षित गर्न, थेग्न र आशा दिलाउन चुकिरहेका छौँ । यसमा सरोकारवाला गम्भीर भएर सोच्ने बेला आएको छ ।

नेपालमा इन्जिनियरको हकहित, पेसागत सुरक्षा तथा एकताका लागि छाता सङ्गठनका रूपमा ६२ वर्षदेखि नेपाल इन्जिनियर्स एसोसियसन क्रियाशील रहेको छ । स्थापना भएको स्मरण गर्दै साउन ३ गतेको दिनलाई हरेक वर्ष नेपाली इन्जिनियरहरूले इन्जिनियर दिवसका रूपमा देशभित्र र विदेशमा समेत मनाउँदै आएका छन् । समृद्ध मुलुक निर्माणको अभियान राज्यको पहिलो प्राथमिकता भएको अहिलेको सन्दर्भमा विकास निर्माणका लागि मेरुदण्डका रूपमा रहेका इन्जिनियरिङ जनशक्तिको संख्या, अवस्था, मनोबल, योगदान र भविष्य कस्तो छ भन्ने विषय यस एसोसियसनको प्रमुख चासोको विषय हुनुपर्ने हो । तथापि, मुलुकमा क्रियाशील अन्य पेसागत समूहहरू जस्तै यो एसोसियसन पनि राजनीतिक छायाले प्रभावित रहेको भनी आलोचनाको केन्द्रमा रहेको छ ।

अहिले पनि अधिकांश इन्जिनियरिङ पेसा अपनाएका जनशक्ति पेसागत रूपमै एकता, सबल र जिम्मेवार हुनु पर्छ भन्ने मान्यतामा विश्वास गर्छन् । एसोसियसनमा त्यो अवस्थाको गुञ्जायस नहुँदा इन्जिनियरको ठुलो जमात अहिले पनि यसको मूलप्रवाहभन्दा टाढै रहेको देखिन्छ । इन्जिनियरको रूपमा सरकारी, गैरसरकारी, निजी तथा विभिन्न सङ्गठित संस्था एवं स्वव्यवसायमा लागेका इन्जिनियर पेसागत र सामाजिक हिसाबले हामी एउटै परिवारका हिस्सा हौँ भन्ने भावनाको विकास गर्न एसोसियसन चुकेको छ । पेसागत सङ्गठनको जरामा राजनीतिक मलजल परेपछि त्यसका हाँगाबिँगा र फलहरूमा मलजलको प्रतिविम्ब देखिनु स्वाभाविकै हो । सामाजिक र पेसागत सरोकारका साथ आमइन्जिनियरका भावनालाई प्रतिनिधित्व गर्नुपर्ने संस्थामा राजनीतिक आस्थाका आधारमा घोषित रूपमा प्यानल नै बनाई चुनावी प्रतिस्पर्धाबाट चुनिने एसोसियसनका पदाधिकारी र परिषद्का सदस्यबाट आमइन्जिनियरको साझा सरोकारको उठान हुन्छ भन्ने कुरामा स्वयम् मतदाता इन्जिनियरहरू विश्वस्त हुन सकेका छैनन् ।

आज इन्जिनियरिङ पेसामा रहेका इन्जिनियरबिच आपसमै खास प्रतिष्ठान, सेवा वा क्षेत्रमा कार्यरत रहेको एवं राजनीतिक र अन्य पहुँच भएको कारणबाट एकले अर्कालाई होचो वा कमजोर ठानी आफूलाई विशिष्ट देखाउने प्रवृत्तिले यसको पेसागत तथा सामाजिक चरित्र प्रतिनिधित्व गर्दैन । आफूले पेसाको गरिमा कायम गर्न सकियो भने मात्रै पेसाले आफ्नो गरिमा सुरक्षित गर्छ भन्ने भावनाबाट हरेक इन्जिनियर सदस्य परिचालित हुनु पर्छ । यसका लागि एसोसियसन र यसका प्रादेशिक तथा वैदेशिक संयन्त्रले नियमित तथा हस्तक्षेपकारी कार्ययोजना तय गरी लागु गर्नुपर्ने हुन्छ । अबका दिनमा पनि एसोसियसन फुर्सदका बेला समय दिने खालका पदाधिकारीबाट सञ्चालन गर्न खोजियो भने पेसागत गरिमा त खस्कँदै जान्छ नै आमइन्जिनियरको विश्वाससमेत गुमाउँदै जाने र यसको विकल्प पनि सिर्जना हुँदै जान सक्छन् । मुलुकलाई अत्यावश्यक अनि मेधावी जमातका विद्यार्थीको सुनौलो सपना र तिनका अभिभावकको ठुलो लगानीका साथ उत्पादन भएका इन्जिनियरिङ जनशक्तिको मनोबल उच्च राखी तिनले मुलुकलाई नै पहिलो प्राथमिकता दिने वातावरणको सिर्जना गर्न एसोसियसनले खास योगदान दिनुपर्ने हुन्छ ।

गत वर्ष इन्जिनियरको न्यूनतम पारिश्रमिक

❖ बाँकी तेस्रो पृष्ठमा

# विपदबाट १ सय २५ को मृत्यु



झापा(प्रस) । अविरल वर्षाका कारण गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढीपहिरोलगायत विपद्मा परी बिहीबार दिउँसोसम्म एक सय २५ जनाको मृत्यु भएको छ ।
असार २७ गते राति पोखरा-१९ पुरुन्चौर स्थित तल्लाकोट ठाँटीमा ७ जनाको निधन हुने गरी आएको पहिरो ।
विपद्मा परी काठमाडौँमा दुई, कोशी प्रदेशमा २२, मधेस प्रदेशमा पाँच, वाग्मती प्रदेशमा २०, गण्डकी प्रदेशमा ३८, लुम्बिनी प्रदेशमा २३, कर्णाली प्रदेशमा सात र सुदूरपश्चिम प्रदेशमा आठ गरी जम्मा एक सय २५ जनाको मृत्यु भएको केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिए । उनका अनुसार विपद्मै परी काठमाडौँमा आठ, कोशी प्रदेशमा ३४, मधेस प्रदेशमा नौ, वाग्मती प्रदेशमा सात, गण्डकी प्रदेशमा २९, लुम्बिनी प्रदेशमा नौँ, कर्णाली प्रदेशमा ३३ र सुदूरपश्चिम प्रदेशमा १४ गरी जम्मा एक सय ४३ जना घाइते भएका छन् ।

यसैगरी कोशी प्रदेशमा ४१, गण्डकी प्रदेशमा १२ गरी जम्मा ५३ जनाको उद्धार गरिएको छ । बाढीपहिरोमा परी कोशी प्रदेशमा दुई, मधेस प्रदेशमा एक, बागमती प्रदेशमा दुई, गण्डकी प्रदेशमा एक, कर्णाली प्रदेशमा एक र सुदूरपश्चिम प्रदेशमा एक गरी आठ जना बेपत्ता भएको प्रवक्ता कार्कीले बताए ।
दुई सय २२ घर, ८० गोठ, ४३ पुल, एक विद्यालय र दुई सरकारी कार्यालयमा क्षति पुगेको छ । विपद्मा पाँच सय ८५ वटा पशुचौपाय मरेका छन् । उक्त अवधिमा विपद्का घटनाबाट तीन हजार सात सय २१ परिवार विस्थापित भएका छन् ।

# ६ विकास बैंक र ३ फाइनान्स कम्पनी कारबाहीमा



झापा(प्रस) । गत आर्थिक वर्षको चौथो त्रैमासमा मात्र नियमविपरीत काम गर्ने ६ वटा विकास बैंक र ३ वटा फाइनान्स कम्पनी नेपाल राष्ट्र बैंकको कारबाहीमा परेका छन् ।
राष्ट्र बैंकले बिहीबार सार्वजनिक गरेको विवरणअनुसार

❖ बाँकी अन्तिम पृष्ठमा

# वडा कार्यालयमा पृथ्वीनारायण शाहको तस्वीर

झापा(प्रस) । राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता हरि पोखरेलको अगुवाईमा बिर्तामोड नगरपालिकाको वडा कार्यालयहरुमा पृथ्वीनारायण शाहको तस्वीर राखिएको छ ।



बिर्तामोडको १० वटै वडा कार्यालयहरुमा पृथ्वीनारायण शाहको तस्वीर राख्ने अभियान पार्टीको बिर्तामोड नगर समितिले संचालन गरेको हो । बिर्तामोडको ३ नं वडा कार्यालयबाट शुरु गरी हालसम्म नगरका ९ वटा वडा कार्यालयमा तस्वीर राखिसकिएको नगर अध्यक्ष रन्जु प्याकुरेलले बताइन् । उनले केही दिनपछि बाँकी रहेको २ नं वडा कार्यालयमा तस्वीर राखिने जानकारी दिइन् । त्यसपछि बिर्तामोड नगरपालिका कार्यालयमा पृथ्वीनारायण शाहको तस्वीर राख्ने कार्यक्रम रहेको उनको भनाई छ ।

# ५५ करोड ८७ लाख रुपैयाँको चुरा, टीका र पोते आयात

झापा(प्रस)। गत आर्थिक वर्षको ११ महिनामा ५४ करोड ८७ लाख ६३ हजार रुपैयाँ बराबरको चुरा, टीका र पोते आयात भएको छ । भन्सार विभागका अनुसार अघिल्लो आर्थिक वर्षको ११ महिनामा ५१ करोड २१ लाख ६४ हजार रुपैयाँ बराबरको चुरा, टीका र पोते आयात भएको थियो ।
साउनदेखि जेठसम्म ३७ करोड ७४ लाख ३२ हजार रुपैयाँ बराबरको चुरा र टीका आयात भएको विभागले जनाएको छ । भारतबाट मात्रै ३७ करोड ५२ लाख ५२ हजार रुपैयाँ



बराबरको चुरा र टीका आयात भएको थियो । यस्तै चीनबाट २१ लाख ८० हजार रुपैयाँ बराबरको चुरा र टीका आयात भएको हो ।
विभागका अनुसार १७ करोड १३ लाख ३१ हजार रुपैयाँ बराबरको ४ लाख १२ हजार ६२८ किलो पोतेका दाना भएको छ । सबैभन्दा बढी चीनबाट ११ करोड ६८ लाख ७८ हजार रुपैयाँ बराबरको पोते आयात भएको छ । जापानबाट १ करोड ९७ लाख ४४ हजार रुपैयाँ र भारतबाट २ करोड ४६लाख ८६ हजार रुपैयाँ बराबरको पोते आयात भएको हो ।
नेदरल्यान्ड्स, पाकिस्तानलगायत मुलुकबाट पनि नेपालमा पोते आयात हुने गरेको विभागको तथ्यांक छ ।मुलुकमा ११ महिनामा १ करोड ३६ लाख ५६ हजार रुपैयाँ बराबरको ६८ हजार ६४३ किलो सिन्दुर आयात गरिएको छ । साउनदेखि जेठसम्म ४ करोड ५६ लाख २८ हजार रुपैयाँ बराबरको १८ हजार ३९३ लिटर नङ पोलिस आयात गरिएको छ ।

# वैद्यबाट फुटेको समूहले वैज्ञानिक पार्टी गठन गर्ने

झापा(प्रस)। मोहन वैद्य नेतृत्वको क्रान्तिकारी कम्युनिस्ट पार्टीबाट अलग भएको समूहले वैज्ञानिक समाजवादी पार्टी गठन गर्ने बताएको छ । धर्मेन्द्र बास्तोलाको नेतृत्वमा सो पार्टीबाट अलग भएको समूहले एकता प्रक्रिया असफल भएकाले नयाँ पार्टी गठन गर्ने बताएको हो ।
संयोजक मोहन वैद्य किरणसँग वैचारिक, सैद्धान्तिक र साङ्गठनिक मतभेद भएपछि मंगलबार पार्टीबाट अलग भएको घोषणा गरेका थिए । उनले अब पार्टीमा नफर्किने भन्दै नयाँ वैज्ञानिक समाजवादी पार्टी निर्माणमा लाग्ने स्पष्ट पारे । विप्लव



नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीमा जान लागिएको चर्चा हल्ला मात्र भएको उनले बताए ।
'वैज्ञानिक समाजवादी पार्टी निर्माण अहिलेको आवश्यकता हो । क्रान्तिकारी पार्टीसँग वैचारिक, सैद्धान्तिक र सांगठानिक रूपमा थुप्रै मतभेद रहे । फेरि पार्टीमा फर्किने भन्ने हुँदैन । नयाँ पार्टी निर्माणमा लाग्नेछौँ । एकता प्रक्रियामा जोडिएका नेकपा बहुमतको सिङ्गै टिम अलग्गिएका छौँ । आगामी योजनाबारे छलफल भइरहेको छ । विप्लवको पार्टीमा जाने भन्ने कुरा वाहियातको हल्ला मात्र हो', उनले भने ।

बुधबार संयोजक किरणले निर्णयपत्र फिर्ता लिन आग्रह गरेका थिए । तर उनको आग्रह सकारात्मक भएपनि महाधिवेशनमा आफू सहभागी नहुने बताए । पार्टीबाट अलग भएपछि आफ्नै निवास खुमलटारमा उनले पार्टीका शीर्ष नेताहरूसँग छलफल गरिरहेका छन् ।

# लोक सेवाको कार्यतालिका सार्वजनिक

झापा(प्रस) । लोक सेवा आयोगले सरकारी कर्मचारी पदपूर्ति गर्न आर्थिक वर्ष २०८१/०८२ को वार्षिक कार्यतालिका सार्वजनिक गरेको छ । आयोगले सूचना जारी गर्दै विभिन्न सेवा र समूहको पदपूर्तिका लागि बुधबार सूचना निकालेर कार्यतालिका सार्वजनिक गरेको हो ।
जसमा निजामती कर्मचारीदेखि, नेपाली सेना, नेपाल प्रहरी,सशस्त्र प्रहरी,राष्ट्रिय अनुसन्धान विभाग र सङ्गठित संस्थाहरूको कार्यतालिका समेटिएको छ । जारी सूचनामा राजपत्राङ्कित विशिष्ट श्रेणी (सचिव) पदको आवश्यकताअनुसार बढुवा गरिने उल्लेख छ ।
त्यस्तै विशिष्ट प्रथम श्रेणी (प्राविधिक र अप्राविधिक तथा अधिकृत प्रथम) सहसचिवको बढुवा आगामी भदौ असोज महिनामा प्रतिशत र संख्या निर्धारण गरेर त्यसको विज्ञापन सूचना असोज महिनाको अन्तिम बुधवार प्रकाशित गर्ने जनाएको




छ । जसको परीक्षा पुस माघ र लिखित परीक्षा फागुन चैत र अन्तरवार्ता चैत वैशाखमा गर्ने आयोगले जनाएको छ ।
राजपत्राङ्कित द्वितीय श्रेणीको कति संख्यामा खुलाउने भन्ने असोजभित्र निर्धारण गरेर असोज अन्तिममा सूचना प्रकाशित गर्ने र पुस माघमा परीक्षा लिएर वैशाखमा अन्तरवार्ताको कार्य तालिका सार्वजनिक भएको छ ।
त्यस्तै स्वास्थ्य सेवा ११ औ र नवौं तह विज्ञापन सूचना प्रकाशन, परीक्षा सञ्चालन र अन्तरवार्ता भदौदेखि वैशाखसम्मको समय तालिका छ । निजामतीतर्फ विशिष्ट श्रेणीदेखि चौथो तहसम्मको नियुक्तिका लागि विज्ञापन गर्ने आयोगको तालिका छ ।
त्यस्तै नेपाल प्रहरीको प्रहरी जवान (प्राविधिक) देखि प्रहरी निरीक्षक र सशस्त्र प्रहरीको खुलातर्फ जवानदेखि प्रहरी उपरीक्षक (एसपी) प्राविधिकसम्मको कार्य तालिका भदौबाट सुरु गरेर तहअनुसार आगामी जेठभित्र आयोगले अन्तरवार्ताको समय निर्धारण गरेको छ । राष्ट्रिय अनुसन्धानको सहायक सूचकदेखि अनुसन्धान सहायक र अधिकृतसम्म खुलाउने भएको छ ।
त्यसबाहेक सङ्गठित संस्थातर्फ औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड,नेपाल आयल निगम, धितोपत्र बोर्ड, नेपाल राष्ट्र बैंक, व्यापार निकासी प्रवर्द्धन केन्द्र,सांस्कृतिक संस्थान, काठमाडौं उपत्यका खानेपानी लिमिटेड, विद्युत् प्राधिकरण, सामाजिक सुरक्षा कोष गुठी संस्थान लगायतको पनि कहिले र कति संख्यामा सूचना प्रकाशन, परीक्षा र लिखित परीक्षा गर्ने भन्ने आयोगको सूचनामा उल्लेख छ ।

## इन्जिनियरको...

तोकेर सार्वजनिक गर्ने काम स्वागतयोग्य छ तर यसमा प्रभावकारी कार्यान्वयन र अनुगमनको संयन्त्र र कार्ययोजना बनाउन चुकेको देखिन्छ । आज पेसागत बजारमा हरेकको आफ्नो मूल्य र पेसाको स्वायत्त परिचय छ । इन्जिनियरिङ पेसाको पनि मूल्य, यसको स्वात्तता तथा पहिचान कायम गराउन नसकेको कारणले हरेक सङ्गठन तथा प्रतिष्ठानमा इन्जिनियरिङ पेसाकर्मी दोस्रो दर्जाका नागरिकका रूपमा व्यवहार गर्ने प्रचलन बढिरहेको छ । विश्वले मान्यता दिएको चारवर्षे स्नातक उत्तीर्ण गरी पेसागत लाइसेन्ससमेत प्राप्त गरेका इन्जिनियरलाई अझै पनि केही प्रतिष्ठानमा अधिकृतस्तरको छैटौं तहबाट सेवा प्रवेश गराइने अन्यायपूर्ण अवस्था विद्यमान रहेको छ । विशेष गरी स्थानीय तहमा कार्यरत इन्जिनियरिङ जनशक्तिको क्षमता विकास, भौतिक सुरक्षा, पेसागत निर्णय प्रक्रिया तथा सेवाको सुरक्षाका समस्याबाट आक्रान्त रहेका छन् । उनीहरूलाई त्यो समस्याबाट मुक्ति दिलाउने तथा पेसागत मर्यादा र पदीय उत्तरदायित्वमा थप जिम्मेवार बनाउनेतर्फ पहलकदमी लिन पनि एसोसियसन बाहेक अरू कुनै उपयुक्त सङ्गठन देखा परेका छैनन् ।
अनुसन्धान, नवीनता र सिर्जनशीलता जस्ता तत्वबिना यो पेसाले गति लिन सक्दैन । मुलुकमा हजारौं इन्जिनियर उत्पादन भइसक्दा पनि आमइन्जिनियरको क्षमता विकासका लागि अनुसन्धान, अध्ययन तथा प्रशिक्षणका लागि बृहत्स्तरको प्रशिक्षण केन्द्र अर्थात् एकेडेमीको स्थापना त के यसको आवश्यकता र औचित्यसमेत राजनीतिक नेतृत्वसमक्ष अनुभूति गराउन सकिएको छैन । यस्तो बृहत् इन्जिनियरिङ एकेडेमी स्थापना गर्न सकियोस्, जहाँ सबै क्षेत्रमा कार्यरत सबै तहका इन्जिनियरिङ जनशक्तिलाई नियमित रूपमा एउटै लयमा प्रशिक्षित गर्न सकियोस् । कानुनद्वारा गठित नियमनकारी परिषद् तथा व्यावसायिक हकहितका लागि स्थापित एसोसियसनले व्यावसायिक अभिभावकको भूमिकाबाट यस क्षेत्रमा कार्यरत सम्पूर्ण इन्जिनियरिङ जनशक्तिको क्षमता विकास गराई उच्च मनोबलका साथ जिम्मेवारीपूर्ण कार्यसम्पादन गर्न उल्लेख्य भूमिका निर्वाह गर्न सक्छन् । स्वदेश तथा विदेशमा आर्जन गरेको ज्ञान, सिप, क्षमता र अनुभवलाई देशको खातिर आकर्षित गर्नुपर्छ । यसका लागि सबै खाले विभेद, विकृति, सङ्कीर्णता, शोषण, व्यावसायिक विचलन तथा बदनामीको पहिचान गरी त्यस्ता तत्वविरुद्ध सबैलाई लामबद्ध गर्न सके मात्रै इन्जिनियरिङ पेसा र पेसाकर्मीलाई मुलुकको समृद्धिको वाहक र कारक बनाउन सम्भव हुन्छ ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे :<br>९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष** आज रोकिएका काम पुनः सुरु हुन सक्छन् । महिला वा मित्रबाट विशेष सहयोग

**वृष** आज जुक्तिको प्रयोग गर्न सके एकपछि अर्को अवसर आउने छ ।

**मिथुन** अधुरो या नयाँ कार्यको थालनी पनि हुनेछ । आर्थिक कारोबार भने कमजोर रहनसक्छ

**कर्कट** मालसामान हराउन सक्छ । सानातिना समस्यामा अल्झनुपर्नेछ ।

**सिंह** । रोकिएको धन हात पर्ला क्रोध, प्रतिशोध, रिसराग र उत्तेजना नियन्त्रण गर्नु राम्रो हुनेछ ।

**कन्या** आज अरुलाई प्रभावित पारेर काम बन्नेछ। न्यायिक कार्यमा सफलता मिल्नेछ ।

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ । शुभचिन्तकहरूको सुझाव बेवास्ता गर्दा दुःख

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर बढ्न सक्छ ।

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन** आज कला, साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । पारिवारिक साथ सहयोग मिल्ने